# कनकासुन्दरी गाउँपालिका

## विराट सिंजा,जुम्ला

# स्थानीय राजपत्र

खण्ड:९ संख्या: मिति:२०८२

## भाग-२

## कनकासुन्दरी गाउँपालिका जुम्ला

## एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास सम्बन्धी सेवाहरू सहजताका साथ उपलब्ध गराई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न एवं स्थानीय तहबाट प्रदान गरिने सेवा र सञ्चालन गरिने कार्यक्रम एकीकृत रुपमा लागु गर्न प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-८८ र 'एकीकृत प्रारम्भिक बालविकासका लागि कनकासुन्दरी गाउँपालिकाको रणनीति २०७९-०८४' का उद्‌देश्यहरु कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद १५ को दफा १०२ दिएको अधिकार अनुरुप गाउँपालिकाले एकीकृत बालविकास कार्यक्रम सञ्चालन गरी प्रारम्भिक उमेरका बालबालिकाहरुको सर्वाङ्गिण विकासको लागि कनका सुन्दरी गाउँपालिकास्तरमा स्पष्ट एवं समान धारणा बनाई कार्यगत एकरुपता अपनाउन यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद –१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा**:- (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) कार्यविधि भन्नाले **"एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०"**लाई सम्झनु पर्छ ।

(ख)**"प्रारम्भिक बालविकास"** भन्नाले गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र प्रारम्भिक सिकाईका अवसरहरू प्रदान गर्नु जनाउँदछ ।

(ग)**"प्रारम्भिक बालविकास उमेर"**:- प्रारम्भिक बालविकास उमेर भन्नाले गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई जनाउँदछ ।

(घ)**"प्रारम्भिक बालविकास कार्यक्रम"**:- गर्भावस्थादेखि ८ वर्ष उमेरसम्मका बालबालिकाको विकासका लागि स्वास्थ्यकर्मी, शिक्षक, अभिभावक, तथा बालबालिकालाई लक्षित गरिएको कार्यक्रमहरूलाई जनाउँदछ ।

**(ङ)"अभिभावक शिक्षा कार्यक्रम":** भन्नाले गर्भावस्थादेखि ८ वर्ष मुनिका बालबालिकाको अभिभावक (हजुरआमा, हजुरवुवा, आमा, बुवा, दाजु, दिदी तथा अन्य स्याहारकर्ताहरु) गर्भवति महिला, नवदम्पति र किशोरकिशोरीहरु लक्षित स्वास्थ्य, पोषण,संरक्षण,प्रारम्भिक सिकाइ तथा शिक्षासम्बन्धी विषयबस्तुमा सचेतिकरण गरी बालबालिकाको शारीरिक, बौद्धिक, भाषिक, संवेगात्मक र सामाजिक विकास लगायत प्रारम्भिक सिकाई सिप अभिबृद्धि गराउने कार्यक्रम बुझिन्छ।

(च) **"घरमा आधारित प्रारम्भिक बालविकास कार्यक्रम"** भन्नाले भौगोलिक बिकटतामा रहेका, अपाङ्गता भएका साथै गरीव तथा सीमान्तकृत समुदायका घरपरिवारलाई बालबालिकाको

उमेर अनुरुपको उचित स्याहारसुसार, सिकाई र विकासको लागि आवश्यक स्वास्थ्य पोषण सुरक्षा एबम् पूर्व सिकाईका अभ्यासहरु गराउने कार्यक्रम सम्झनु पर्दछ ।

(छ) **"एकीकृत प्रारम्भिक बालविकासका कार्यक्रम"**:- भन्नाले कनका सुन्दरी गाउँपालिका, गैर सरकारी संस्था र निजी क्षेत्रबीच समन्वय स्थापित भई बालबालिकाको सर्वाङ्गिण विकासका लागि आवश्यक शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुनुलाई सम्झनु पर्छ ।

(ज) **"घर परिवार"**:- भन्नाले बालबालिकाका बाबु, आमा, दाजु, भाइ वा दिदी, बहिनी, हजुरबुबा, हजुरआमा सम्झनु पर्छ र सो शब्दले सगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।

(झ) **"बालविकास संयोजक भन्नाले"**:- प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-८८ मा उल्लेख भए बमोजिम कनका सुन्दरी गाउँपालिकामा नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

**(`)"बालबालिका"**:- बालबालिका भन्नाले प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई जनाउँदछ ।

(ट) **"विशेष संरक्षण आवश्यकता भएका बालबालिका"**:- 'विशेष संरक्षण आवश्यकता भएका बालबालिका' भन्नाले बालबालिका ऐन २०७५ को परिच्छेद ५ दफा ४८ मा उल्लेख भए अनुसारका बालबालिकालाई जनाउँदछ ।

(ठ) **"विषयगत शाखा"**:- विषयगत शाखा भन्नाले प्रारम्भिक बालविकाससँग प्रत्यक्ष सम्बन्धित शिक्षा शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, स्वास्थ्य शाखा, पूर्वाधार शाखा, प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, योजना शाखा, कानुन शाखा, कृषि विकास शाखा, पशु विकास शाखा लाई जनाउँदछ ।

(ड) **"बैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका"**:- भन्नाले अभिभावकत्व गुमाएका वा अभिवावकत्व पाउन नसकी संरक्षणको आवश्यकता भएका बालबालिका सम्झनु पर्दछ ।

(ढ) **"रुजुसूची":** भन्नाले नव दम्पति, गर्भावस्थाका महिला र जन्मेदेखि आठ वर्षसम्मका बालबालिकाले गाउँपालिकामा उपलब्ध स्वास्थ्य, पोषण ,संरक्षण ,प्रारम्भिक सिकाइ तथा शिक्षा र अन्य सेवाहरुमा पहुँच भएनभएको र पाएनपाएको विवरण सूनिश्चित गर्नका लागि बनाईएको सूचिलाई रुजुसूची सम्झनु पर्छ ।

**(ण) योजना तर्जुमा कार्यशालाः** भन्नाले सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय बाट प्रकाशित स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकासका लागि योजना तर्जुमा कार्यशाला स्रोत सामाग्री- २०७५ आधारित भई वार्षिक रुपमा आयोजना गरिने कार्यशाला बुझिन्छ।

(**त**) **"सर्वाङ्डीण विकास"**:- सर्वाङ्गीण विकास भन्नाले बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षको समुचित विकासलाई जनाउँदछ ।

**(थ) "शिशु-स्याहार केन्द्र"**: शिशु-स्याहार केन्द्र भन्नाले चार वर्षभन्दा मुनिका बालबालिकालाई शिक्षक वा सहयोगी कार्यकर्ताद्वारा बालबालिकाको हेरचाह, सामाजिक अन्तर क्रिया र खेल आदि क्रियाकलापमा संलग्न गराई उमेरअनुसारको सामाजिक व्यवहार र स्वावलम्वी हुने सीपहरू सिकाइने कार्यक्रमलाई जनाउँदछ ।

## स्थानीय प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार

**३. स्थानीय प्रारम्भिक बालविकास समिति :-** (१) प्रारम्भिक बालविकास सम्वन्धी सेवाहरु संचालन गर्न देहाय बमोजिमको स्थानीय प्रारम्भिक बालविकास समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) अध्यक्ष, स्थानीय बाल अधिकार समिति | सदस्य |
| (ग) कार्यपालिका सदस्य, प्रारम्भिक बालविकास क्षेत्रसँग सम्बन्धित | सदस्य |
| (घ) सामाजिक विकास शाखा अन्तर्गतका शाखा प्रमुखहरू | सदस्य |
| (ङ) बाल कल्याण अधिकारी | सदस्य |
| (च) प्रारम्भिक बालविकास विज्ञ (१ जना) | सदस्य |

(छ) प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका सदस्य-सचिव

**४. <u>स्थानीय प्रारम्भिक बालविकास समिति को काम, कर्तव्य र अधिकार</u>:-** (१) स्थानीय प्रारम्भिक बालविकास मितिको काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः-

(क) स्थानीयस्तरमा राष्ट्रिय तथा प्रदेशको नीति, रणनीति, कार्यक्रमसँग तादाम्यता हुने गरी प्रारम्भिक बालविकासको नीति, रणनीति तथा कार्यनीति तर्जुमा गर्ने ।

(ख) स्थानीयस्तरमा तयार गरिएको 'एकीकृत प्रारम्भिक बालविकासका लागि कनकासुन्दरी गाउँपालिकाको रणनीति २०७९—०८४' ले मार्गदर्शन गरे बमोजिम “प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०” २०८० माघ १९ गते वाट लागू गर्ने ।

(ग) प्रमुख कार्यान्वयनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्न समन्वय र सहजीकरण गर्ने ।

(घ) वडास्तरमा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरीय प्रारम्भिक बालविकास समिति गठन गर्न सहयोग गर्ने ।

(ङ) वडास्तरमा कार्यक्रम सञ्चालन गर्न कार्यक्रमको खाका तयार गरी लागू गर्ने ।

(च) प्रारम्भिक बालविकासका लागि आर्थिक स्रोतको व्यवस्थापनमा समन्वय र सहजिकरण गर्ने ।

(छ) स्थानीय तहमा मानव स्रोत विकास, व्यवस्थापन तथा परिचालनको सुनिश्चितता गर्ने ।

(ज) सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(झ) प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-८८ मा उल्लेख भए बमोजिम कनका सुन्दरी गाउँपालिकामा बालविकास संयोजक नियुक्ति गर्ने ।बालविकास संयोजकको नियुक्ति, सेवा सुविधा र कार्यशर्त अनुसूची १ बमोजिम हुनेछ ।

(ञ) स्थानीयस्तरमा प्रारम्भिक बालविकाससम्बन्धी सम्पूर्ण कार्यको समन्वय, कार्यान्वयन तथा अनुगमन गर्न बालविकास संयोजकको व्यवस्था गर्न सहजिकरण गर्ने ।

**५. <u>समितिको वैठक सम्बन्धी व्यवस्था</u>**:- (१) समितिको बैठक प्रत्येक चौमासिक रुपमा बस्ने छ तर आवश्यकता भएको खण्डमा जुनसुकै बेला बस्न सक्नेछ समितिले आवश्यकता अनुसार अस्थायी प्रकृतिका कार्यसमितिहरू निर्माण गरी कार्य गर्न, गराउन सक्ने छ ।समितिले आवश्यकताअनुसार सामाजिक सङ्घसंस्था तथा निजी क्षेत्र तथा सेवा प्रदायकका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

६. **<u>वडास्तरीय प्रारम्भिक बालविकास समिति</u> :(१)** प्रारम्भिक बालविकास सम्वन्धी सेवाहरु वडास्तरमा संचालन गर्न यस गाउँपालिकाको सवै वडाहरुमा देहाय बमोजिमको वडास्तरीय प्रारम्भिक बालविकास समिति रहनेछ ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष | अध्यक्ष |
| (ख) महिला वडा सदस्य, | सदस्य |
| (ग) वडा सदस्य, दलित महिला | सदस्य |
| (घ) प्रमुख (शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, कृषि, पशु शाखा) | सदस्य |
| (ङ) संयोजक, वडा नागरिक समूह | सदस्य |
| (च) स्थानीय महिला स्वास्थ्य स्वयंसेविका (१ जना) | सदस्य |
| (छ) प्रारम्भिक बालविकास विज्ञ (१ जना) | सदस्य |
| (ज) प्रतिनिधि, प्रारम्भिक बालविकासमा कार्यरत गैर सरकारी संस्था | सदस्य |
| (झ) वडा सचिव | सदस्य-सचिव |

७. **<u>वडास्तरीय प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार:-</u>** (१) वडा प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः-

(क) स्थानीयस्तरमा तयार गरिएको "एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०" २०८० माघ १९ वाट लागु गर्ने ।

(ख) प्रमुख कार्यान्वयनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

(ग) वडास्तरमा कार्यक्रम सञ्चालन गर्ने ।

(घ) प्रारम्भिक बालविकासका कार्यक्रम कार्यान्वयनका लागि आर्थिक स्रोतको व्यवस्थापन र परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) तोकिएको मापदण्डअनुसार कार्यक्रम अनुगमन, नियमन तथा कार्यान्वयनको सुनिश्चितता गर्ने ।

(च) सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने।

८. **<u>समितिको वैठक सम्बन्धी व्यवस्था</u>**:- (१)यस समितिको बैठक प्रत्येक चौमासिक रुपमा बस्ने छ तर आवश्यकता भएको खण्डमा जुनसुकै बेला बस्न सक्नेछ। साथै आवश्यकता अनुसार सामाजिक संघसंस्था तथा निजी क्षेत्र तथ सेवा प्रदायकका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

## परिच्छेद - ३

## <u>स्थानीय एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमको उद्देश्य र कार्यक्रमहरु</u>

९. **<u>उद्देश्यः</u>** (१) प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-८८ मार्गदर्शन अनुरुप कार्यविधिको उद्देश्य तपशील बमोजिम रहेको छ ।

(क) बाललबालिकाको सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकालाई उमेर अनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्ने ।

(ख) एकीकृत प्रारम्भिक बालविकासका लागि कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्ने।

(ग) एकीकृत प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुर्याउन दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्ने ।

(घ) बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्ने ।

(ङ) विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्ने ।

१०. **<u>कार्यक्रमहरु</u>: -** (१) दफा ९ मा उल्लेखित उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

**(क) प्रारम्भिक बालविकासको लागि रुजुसूची (चेकलिस्ट) कार्यक्रम**

(१) लक्षित समूह: नव दम्पति, गर्भावस्थाका महिला र जन्मेदेखि आठ वर्षसम्मका बालबालिका।

(२) रुजुसूची तयारी: स्थानीय प्रारम्भिक बालविकास समितिको समन्वयमा वार्षिक रुपमा आयोजना गरिने एकीकृत प्रारम्भिक बालविकासका लागि योजना तर्जुमा कार्यशालामा पालिकामा उपलब्ध स्वास्थ्य, पोषण ,संरक्षण ,प्रारम्भिक सिकाइ तथा शिक्षा र अन्य सेवाहरुको सूची तयारी गरिनेछ । रुजुसूचि कार्यक्रमको सम्पूर्ण समन्वय, संयोजनका तथा रुजुसूचि अध्यावधिकका लागि स्थानीय प्रारम्भिक बालविकास समितिले सम्बन्धित शाखाहरुमध्येबाट एकजनालाई सम्पर्क ब्यक्ति तोक्नेछ।

(३) रुजुसूचिको मापदण्ड: जन्मेदेखि आठ वर्षसम्मका बालबालिकाले गाउँपालिकाबाट प्राप्त सेवाहरुको सूचीको ढाँचा अनुसूचि २ बमोजिम हुनेछ ।

(४) रुजुसूचि बितरण : गर्भवती महिला, २४ महिनासम्मका बालबालिकाका लागि पालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट र नवदम्पतिहरुका लागि वडा कार्यालयबाट रुजुसूची प्रदान गरिनेछ | यस कार्यविधि लागु हुदाँका बखत २४ महिना उमेर पुरा भएका बालबालिकाको हकमा यो रुजुसूचीको सुबिधा प्राप्त हुनेछैन।

(५) रुजुकर्ता - सम्बन्धित सेवा प्रदायकहरु (स्वास्थ्य, पोषण ,संरक्षण ,प्रारम्भिक सिकाइ तथा शिक्षा र अन्य) रुजुकर्ताको रुपमा रहनेछन |

(६) सेवाप्रदायक र सरोकारवालाहरुलाई रुजुसूचीबारे अभिमुखीकरण तथा पुनर्ताजगि तालिमका कार्यक्रम प्रत्येक वर्ष संचालन गरिनेछ ।

(७) रुजुसूचिलाई आधार मानि कसैलाई पनि गाउँपालिकाको कुनै पनि सेवा सुविधाबाट बञ्चित गरिने छैन।

(८) रुजुसूची प्रयोगको अनुगमन त्रैमासिक रुपमा वा आवश्यकता अनुसार स्थानीय प्रारम्भिक बालविकास समिति र वडा स्तरीय प्रारम्भिक बालविकास समितिले गर्नेछ।

**(ख) अभिभावक शिक्षा कार्यक्रम**

(१) लक्षित समूहः गर्भावस्थादेखि ८ वर्ष मुनिका बालबालिकाको अभिभावक (हजुरआमा, हजुरवुवा, आमा, बुवा, दाजु, दिदी तथा अन्य स्याहारकर्ताहरु) गर्भवती महिला, नवदम्पति र किशोरकिशोरीहरु।

(२) संचालन प्रक्रियाः शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट बिकसित अभिभावक शिक्षा तालिम सन्दर्भ सामग्री-२०७९ बमोजिम हुनेछ।

(३) समुदाय छनौटः वडा स्तरीय प्रारम्भिक बालविकास समितिले आफ्नो वडाको आवश्यकताअनुसार पालिका स्तरीय प्रारम्भिक बालविकास समितिमा सिफारिस गरे बमोजिम हुनेछ।

(४) सहजकर्ता सम्बन्धी व्यवस्थाः अभिभावक शिक्षा संचालनका लागि महिला स्वास्थ्य स्वयंसेविका, बालविकास तथा आधारभूत शिक्षक, सामाजिक परिचालक, स्वयंसेवक तथा उपयुक्त जनशक्तिलाई सहजकर्ताको रुपमा लिन सकिने छ ।

(५) सहजकर्ताको न्युनतम योग्यताः देहाएको योग्यता भएका ब्यक्तिहरु सहजकर्ताको रुपमा योग्य मानिनेछन:

(क) उमेर २० वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

(ख) कम्तीमा १२ कक्षा उतीर्ण गरेको ।

(ग) नैतिक पतन देखिन फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ।

(घ) स्थानीय भाषा संस्कृतीसंग जानकार स्थानीय ब्यक्तिलाई प्राथमिकता दिईनेछ।

(ङ) पानमा दर्ता भएको ।

सहजकर्ताको कार्यशर्त नमुना अनुसूचि ३ मा उल्लेख गरिएको छ।

(६) सहजकर्ताको छनौट र सेवा सुविधा: अभिभावक शिक्षा कक्षा संचालनको लागि सहजकर्ता सम्बन्धी ब्यवस्थामा तोकिएका ब्यक्तिहरु मध्येबाट पालिका स्तरीय प्रारम्भिक बालविकास समितिले निर्णय गरी छनौट र सेवा सुविधा निर्धारण गर्न सक्नेछ।

(७) कक्षा संचालन प्रक्रिया शिक्षा तथा मानब श्रोत विकास केन्द्रबाट प्रकाशित अभिभावक शिक्षा सहजकर्ताको लागि सन्दर्भ सामग्री -२०७९ बमोजिम हुनेछ।

(८) अभिभावक शिक्षा कक्षा संचालन गर्दाको न्यूनतम मापदण्डः

(क) कक्षा व्यवस्थापन सफा र सुरक्षित स्थानमा हुनुपर्नेछ ।

(ख) एउटा कक्षामा २० देखि ३० जनासम्म सहभागी गर्न सकिनेछ ।

(ग) अभिभावकले कक्षा संचालन हुने समयमा आफ्नो बालबालिका सुरक्षित भएको सुनिश्चित गर्नुपर्नेछ।

(घ) कक्षामा सहभागिता जनाए वापत सहभागिलाई कुनै पनि सेवा सुविधा दिन पालिका बाध्य हुने छैन।पालिकाले चाहेको खण्डमा सेवा सुविधा दिन सक्नेछ।

(९) शिक्षा तथा मानब श्रोत विकास केन्द्रबाट प्रकाशित अभिभावक शिक्षा सहजकर्ताको लागि सन्दर्भ सामग्री -२०७९को आधारमा रेडियो कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(१०) समुदायको आबश्यकता हेरी चित्रात्मक र जानकारीमूलक होर्डिङ बोर्ड, भित्ते लेखन, फ्लेक्स प्रिन्ट तथा अन्य सन्देशमूलक सामाग्री तयारी, प्रकाशन र बितरण गरिनेछ ।

(११) अभिभावक शिक्षामा आधारित सडक नाटक, अभिभावक मेला, सांस्कृतिक कार्यक्रम संचालन गरिनेछ ।

(१२) अनुगमन र मुल्याङ्कन : अभिभावक शिक्षा कार्यक्रमको अनुगमन शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित अभिभावक शिक्षा सहजकर्ताको लागि सन्दर्भ सामाग्री -२०७९ मा उल्लेखित सूचक अनुसार वडा स्तरीय प्रारम्भिक बालविकास समितिले गर्नेछ।

**(ग) घरमा आधारित प्रारम्भिक बालविकास कार्यक्रमः**

(१) भौगोलिक बिकटतामा रहेका, अपाङ्गता भएका साथै गरीव तथा सीमान्तकृत समुदायका घरपरिवारलाई बालबालिकाको उमेर अनुरुपको उचित स्याहारसुसार, सिकाई र विकासको लागि आवश्यक स्वास्थ्य, पोषण सुरक्षा एवम् पूर्व सिकाईका अभ्यासहरु घरायसी कामकाजमा(जस्तैः खाना पकाउँदा, तरकारी केलाउँदा, खेतवारीमा काम गर्दा, नुहाउँदा तथा अन्य दैनिक जीवनका क्रियाकलापहरु) बालबालिकालाई संलग्न गराई प्रारम्भिक बालविकासको अवसर उपलब्ध गराउन कार्यक्रम संचालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन गर्दा बालबालिकालाई घरमा नै वा घरपरिवार कै वातावरणमा राखेर आमाबुवा  अभिभावक, संरक्षक, परिवारका सदस्यहरुद्वारा बालबालिकाको उमेर अनुरुपको उचित स्याहारसुसार, सिकाई र विकासको लागि आवश्यक स्वास्थ्य पोषण सुरक्षा एबम् पूर्व सिकाईका अभ्यासहरु तथा घरायसी स्तरमै उपलब्ध तथा निर्माण गर्न सकिने खेल सामाग्री तयारी र अभ्यास गराईने छ।

(३)**लक्षित समूहः** गाउँपालिका क्षेत्रभित्रका १ देखि ३ वर्ष मुनिका बालबालिका अभिभावकहरु।

(४) आवश्यकता हेरी वडा स्तरीय प्रारम्भिक बालविकास समितिले सिफारिस गरे बमोजिम कार्यक्रम संचालन गरिने घर परिवार छनौट गरिनेछ ।

(५)**परामर्शकर्ता सम्बन्धि ब्यवस्थाः** महिला स्वास्थ्य स्वयंसेविका, बालविकास शिक्षक, सामाजिक परिचालिका, स्वयंसेवक(महिला) मध्येबाट घरभेट परामर्शकर्ता छनौट गरिनेछ ।

(६) **जनशक्ति व्यवस्थापन तथा परिचालनः** (१) निम्न योग्यता भएका ब्यक्तिहरुलाई तालिम पश्चात घरभेट परामर्शकर्ताको रुपमा नियुक्ति गरी परिचालन गर्न सकिनेछ।

(क) उमेर २० वर्ष पूरा भई ४० वर्ष ननाघेको।

(ख) कम्तीमा १२ कक्षासम्म अध्ययन गरेको।

(ग) नैतिक पतन देखिन फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको।

(घ) स्थानीय समुदायको ब्यक्तिलाई प्राथमिकता दिने।

(ङ) पामा दर्ता भएको ।

(२) घरमा आधारित प्रारम्भिक बालविकास कार्यक्रमको परामर्शकर्ताको सेवा सुविधा देहाय बमोजिम हुनेछ ।

**(i) मासिक तलब वा पारिश्रमिक पालिकाको नियमानुसार**

**(ii) नियुक्ति प्रक्रियाः** परामर्शकर्ता सम्बन्धि ब्यवस्थामा तोकिएका ब्यक्तिहरु मध्येबाट पालिका स्तरीय प्रारम्भिक बालविकास समितिले निर्णय गरी छनौट गर्न सक्नेछ

**कार्यशर्तः** परामर्शकर्ताको कार्यशर्त नमुन अनुसूचि ४ मा उल्लेख गरिएको छ।

**(७) कार्यक्रम संचालन प्रक्रियाः** कार्यक्रम संचालन महिला बालबालिका तथा जेष्ठ नागरीक शाखा मार्फत गरीनेछ।

(क) लक्षित समूह नक्सांकन गर्ने ।

(ख) लक्षित समूहका आमाहरुलाई वा परिवारका स्याहारकर्ता वा हेरालुलाई तालिम दिने

(I) तालिम पश्चात घरभेट परामर्शकर्तालेे लक्षित समूहको प्रत्येक घरमा कार्यक्रम अवधि भर उमेर अनुरुपको उचित स्याहार सुसार, सिकाई र विकासको लागि आवश्यक पर्ने कम्तिमा १० वटा विषय (अभिभावक शिक्षा कक्षाको सन्दर्भ सामाग्रीमा रहेका ३३ वटा विषयहरुमध्ये) मा छलफल गर्ने ।

(II) एक पटकमा कुनै एक बिषयमा कम्तिमा १ घण्टा घरमा उपलब्ध परिवारका सबै सदस्य समेत राखि परामर्श तथा छलफल गर्ने।

(III) हरेक घरभेट परामर्शकर्तालेे प्रतिदिन भेट गर्नु पर्ने घर संख्या वडा स्तरीय प्रारम्भिक बालविकास समितिले तोके बमोजिम हुनेछ।

**(घ) शिशु स्याहार कार्यक्रम संचालनः** : कार्यक्रम संचालन महिला बालबालिका तथा जेष्ठ नागरीक शाखा मार्फत गरीनेछ।

(१) **लक्षित समूहः** २४ महिनादेखि ४७ महिनासम्मका बालबालिका ।

(क) आवश्यकता हेरी वडा स्तरीय प्रारम्भिक बालविकास समितिले सिफारिस गरे बमोजिम कार्यक्रम संचालन गर्न लक्षित समूह छनौट गरिनेछ ।

(ख) छनौट भएका लक्षित समूहमा कार्यक्रम संचालन गर्न सामाजिक परिचालक, स्वयंसेविका वा आमासमूहलाई परिचालन गरिनेछ ।

**(४) कार्यक्रम सञ्चालन प्रक्रियाः**

**(क) जनशक्ति व्यवस्थापन तथा परिचालनः** निम्न योग्यता भएका ब्यक्तिहरुलाई तालिम पश्चात स्याहारकर्ता रुपमा नियुक्ति गरी परिचालन गर्न सकिनेछ। (आमाहरु मिलेर स्याहार कार्यक्रम संचालन गर्न चाहेको खण्डमा तलको शर्त अनिवार्य नुहने )

(i) उमेर २० वर्ष पूरा भई ४० वर्ष ननाघेको।

(ii) कम्तीमा १२ कक्षासम्म अध्ययन गरेको।

(iii) नैतिक पतन देखिन फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको।

(iv) स्थानीय समुदायको लागि पहिलो प्राथमिकता।

**(ख)** शिशु स्याहार कार्यक्रमको सहजकर्ताको सेवा सुविधा देहाय बमोजिम हुनेछ।

(i) **मासिक तलब वा पारिश्रमिकः** पालिकाको नियमानुसार।

(ii) **नियुक्ति प्रक्रियाः** सहजकर्ता सम्बन्धि ब्यवस्थामा तोकिएका ब्यक्तिहरु मध्येबाट पालिका स्तरीय प्रारम्भिक बालविकास समितिले निर्णय गरी छनौट गर्न सक्नेछ।

**कार्यशर्तः** अनुसूचि ५ मा उल्लेख भए बमोजिम हुनेछ।

**(ग)** पालिकाबाट नियुक्ति भई तालिम पाएको सहजकर्ताहरुद्वारा अथवा आमाहरुद्वारा बालबालिकाहरुको उमेर अनुसार नक्साङ्कन गरी ७ देखि १० जना ( बालबालिकाको संख्या स्थानीय आवश्यकता अनुसार थपघट गर्न सकिनेछ तर १५ जना भन्दा बढी बालबालिका भएमा दुई जना सहजकर्ता द्वारा संचालन गर्ने।) को बालबालिका हरुको समूह तयार गरिनेछ ।

**(ग)** कार्यक्रम संचालन गर्न बालबालिकाको घरदेखि १० मीनेटको दुरीमा स्याहार स्थल तय गर्नुपर्दछ।

**(घ)** समूहमा बालबालिकाको स्याहार,सिकाई तथा विकासका क्रियाकलाप संचालन हुनेछ।

**(ङ)** स्याहार स्थलमै पोषण युक्त स्वस्थ र सुरक्षित स्थानीय खाजाको ब्यवस्था गर्नुपर्नेछ।

**(च)** स्याहार स्थल सफा स्वच्छ र सुरक्षित हुनुपर्नेछ।

**छ)** समुदाय,अभिभावक,वडा र पालिकाले सुरक्षित बालमैत्री शिशु स्याहार कार्यक्रमको लागि स्थलको ब्यवस्थापन गर्नु पर्नेछ।

**(ज)** स्याहार केन्द्र कार्यक्रममा जुन सुकै पनि धर्म,लिङ्ग, जाति, वर्ग आदिलाई शमाबेश गराउन सकिनेछ।(धर्म,लिङ्ग, जाति, वर्ग आदिको कारणले छुट्याईने छैन)

## परिच्छेद - ४

## विविध

**११. <u>अनुगमन तथा मुल्यांकन</u>:- (१)** यस कार्यविधी बमोजिम संचालन हुने सम्पूर्ण कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन स्थानीय प्रारम्भिक वालविकास समिति आफैले वा उपसमिति मार्फत र वडा स्तरीय प्रारम्भिक बालविकास समितिले गर्नेछ ।

(२) समितिले अनुगमन तथा मुल्यांकनको चौमासिक प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

**१२. बजेट व्यवस्थापन तथा लेखा परिक्षण:** (१) यस कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्न आवस्यक पर्ने बजेट गाउँपालिकाको कार्यालयले बिनियोजन गर्ने छ |

(२) संचालन रहेका कर्यक्रममा विनियोजित बजेटबाट भएको खर्चको लेखा परिक्षण गाउँपालिकाले गर्ने छ |

**१३. बाधा अड्काउ फुकाउ:-** यस कार्यविधीको कार्यान्वयनको सिलसिलामा माथि उल्लेखित सबै कार्यक्रम कार्यान्वयन एकै आर्थिक वर्षमा संचालन गर्न बाध्य हुने छैन।साथै अन्य कुनै द्विविधा हुन गएमा सो को व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार गाउँपालिकाको कार्यपालिकामा रहनेछ।

**१४. बचाउ:-** प्रारम्भिक उमेर समुहका बालबालिकाको हक अधिकार स्थापित गर्ने सम्बन्धमा यो कार्यविधि लागू हुनुभन्दा पहिले भए गरिएका सबै कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछन् ।

## अनुसूची- १

## बालविकास संयोजकको नियुक्ति, सेवा सुबिधा र कार्यशर्त नमुनाः

**नियुक्ति प्रक्रिया नमुनाः**

**(क) बालविकास संयोजक आवश्यक न्यूनतम योग्यता विवरणः** न्यूनतम शैक्षिक योग्यताः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा शिक्षा शास्त्र वा अन्य विषयमा स्नातक उत्तीर्ण गरेको ।

**(ख) अनुभवः**

(i). बहुक्षेत्रीय (स्वास्थ्य, पोषण, सुरक्षा, उत्प्रेरणा, सहजीकरण प्रविधि र बालस्याहार आदि) कार्यक्रमका लागि कम्तिमा २ वर्ष अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

(ii)प्रारम्भिक बालविकास सम्बन्धी नीति नियम तथा कार्यक्रमका बारेमा जानकार हुनुपर्ने,

(iii) स्थानीय योजना निर्माण र प्रक्रिया सम्बन्धी अनुभव र ज्ञान भएको हुनुपर्ने,

(iv). अभिभावक शिक्षा, अभिभावक अभिमुखीकरण कार्यक्रम सम्बन्धी अनुभव भएको हुनुपर्ने,

(v) प्रारम्भिक बालविकास तथा एकीकृत प्रारम्भिक बालविकास सम्बन्धी राम्रो ज्ञान भएको,

(vi). स्थानीय सरकार र सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी विभिन्न कार्यशाला र तालिम सञ्चालन गर्न सक्ने,

(vii) कार्यक्रम पश्चात पनि बालविकास संयोजक पदमा निरन्तरता हुने दक्षता भएको ।

**(ग) प्राथमिकताः** सम्बन्धित पालिकाको बासिन्दालाई प्राथमिकता दिइनेछ । सम्बन्धित पालिकामा उपयुक्त आवेदक नभएको खण्डमा नजिक पालिकाको हुनुपर्ने ।

(घ) **छनौट प्रक्रियाः** लिखित तथा मौखिक अन्तर्वार्ता (छोटो सुचीमा परेका उम्मेदवारलाई मात्र लिखित परिक्षामा समावेश गरिनेछ।)

**(ङ) सेवा सुबिधाः** पालिकाको नियमानुसार

**कार्यशर्तः**

- कार्यगत समन्वयः शिक्षा, स्वास्थ्य, पोषण, सरसफाइ, खानेपानी, दैवी प्रकोप, बालकल्याण अधिकारी, महिला बालबालिका, सम्बन्धित वडा, स्वास्थ्य चौकी, विद्यालय, प्रारम्भिक बालविकास केन्द्र, अभिभावक, संघ संस्था, समूहहरु, समुदाय तथा सरोकारवालासँगको समन्वय, पैरवी गर्ने ।
- एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी स्थानीय सरकारद्धारा संचालित कार्यक्रमको आवश्यकता पहिचान तथा तथ्यांक संकलनका साथै नक्शाङ्कन, अभिलेखीकरण गर्ने।
- संविधान, ऐन, नीति, नियमावली, निर्देशिका, कार्यनीति, बालमैत्री स्थानीय शासन, बहुक्षेत्रीय पोषण, ‘‘प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ सम्बन्धी संघ , प्रदेश र स्थानीय सरकार संचालन ऐनको आधारमा कार्यविधि स्वीकृतिका लागि तयारी गर्ने ।
- गुणस्तरीय प्रारम्भिक बालविकासको एकीकृत सेवा पहुँचका लागि अभिभावक शिक्षा कार्यक्रमको पैरवी, सहजीकरण, समन्वय, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन तयारी, यस संग सम्बन्धित स्थानीय सरकारको दिर्घकालिन, अल्पकालिन योजना निमार्णमा एकीकृत प्रारम्भिक बालविकाससँग सम्बन्धित कार्यक्रम योजना, बजेट, स्रोत सामग्री, तालिम, अभिमुखीकरण, गोष्ठी, तथा बालबालिकाका लागि सेवा सुविधाहरु योजनामा समावेश गराउन समन्वय गर्ने ।
- सबै कार्यक्रम तथा क्रियाकलापको अभिलेखीकरण र समिक्षात्मक प्रतिवेदन तयारी गर्ने ।

# अनुसूचि २

## प्रारम्भिक बालविकास रुजुसूची नमुना

आमाको नामः बालबालिकाको नाम (जन्मपछि लेख्ने):

ठेगानाः

| क्र.स. | सेवा | रूजु (टिक लाउने) | रुजुकर्ता |
|---|---|---|---|
| १ | विवाह दर्ता | | |
| २ | नवदम्पतीका लागि गर्भाधान परामर्श | | |
| ३ | गर्भवतीलाई फोलिक एसिड आइरन चक्की | | |
| ४ | एच.आइ.भी परीक्षण | | |
| ५ | पूर्व प्रसुति जाँच | | |
| | पहिलो | | |
| | दोस्रो | | |
| | तेस्रो | | |
| | चौथो | | |
| | पाँचौ | | |
| | छैठो | | |
| | सातौ | | |
| | आठौ | | |
| ६ | स्वास्थ संस्थामा प्रसुती | | |
| | सुत्केरी बिदा | | |
| ७ | प्रसुति भत्ता/ न्यानो झोला | | |
| ८ | पौष्टिक सामग्री वितरण | | |
| ९ | जन्म दर्ता (३५ दिन भित्रमा ) | | |
| १० | प्रसुति पश्चात स्वास्थ्य परीक्षण तथा अन्य परामर्श (वृद्धि अनुगमन, जन्मान्तर) | | |

| क्र.स. | सेवा | रूजु (टिक लाउने) | रुजुकर्ता |
|---|---|---|---|
| | पहिलो | | |
| | दोस्रो | | |
| ११ | बिगौती दूध खुवाउने व्यवस्था | | |
| १२ | खोप सेवा | | |
| | जन्मने बित्तिकैः बि.सी.जी | | |
| | ६ हप्तामाः रोटा, पोलियो, पि.सि.भी. डि.पि.टि., हेप/बी हिब | | |
| | ६ हप्तामाः रोटा, पोलियो, पि.सि.भी. डि.पि.टि., हेप बी हिब | | |
| | १४ हप्तामाः पोलियो, एफ. आई. पी. भी., डि.पि.टि., हेप बी हिब | | |
| | ९ महिनाः एफ. आई. पी. भी., पि.सि.भी.,दादुरा रुबेला | | |
| | १२ महिनाः जापानिज इन्सेफलाइटिस | | |
| | १५ महिनाः दादुरा रुबेला, टाइफाइड | | |
| १३ | बालबालिकाको नियमित वृद्धि अनुगमन | | |
| १४ | ६ महिनासम्म पूर्ण स्तनपान परामर्श | | |
| १५ | पूरक खानाको परामर्श | | |
| १६ | भिटामिन ए | | |
| १७ | जुकाको औषधी | | |
| १८ | अभिभावक शिक्षा | | |
| १६ | बाल स्याहार सेवा (समूदाय/ कक्षा) | | |
| १७ | बाल पोषण भत्ता | | |
| १८ | विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा वा | | |

| क्र.स. | सेवा | रूजु (टिक लाउने) | रुजुकर्ता |
|---|---|---|---|
| | समुदायमा आधारित बालविकास केन्द्रमा भर्ना | | |
| १९ | विद्यालय (कक्षा १) मा भर्ना | | |
| २० | विद्यालयमा दिवा खाजा | | |
| २१ | निःशुल्क पाठ्यपुस्तक | | |
| २२ | छात्रवृत्ति | | |
| २३ | अपाङ्गताको पहिचान | | |
| २४ | बालभिटा | | |
| | | | |

माथि उल्लेखित क्रियाकलाप पालिकाले सञ्चालन गरेको क्रियाकलाप अनुसार थप घट गर्न सकिने

## अनुसूचि ३

### अभिभावक शिक्षा सहजकर्ताको कार्यशर्त नमुना

- अभिभावक शिक्षा कक्षा संचालन गर्न वडा तथा सम्बन्धित सरोकारवालाहरु संग समन्वय र छलफल गर्ने।
- अभिभावक शिक्षा संचालन गर्नका लागि समुदायमा अभिभावका तथा सरोकारवालाहरुको भेला गराई अभिभावक शिक्षाबारे अभिमुखिकरण गर्ने।
- अभिभावक शिक्षा कक्षामा नियमित रुपमा सहभागि ईच्छुक सहभागि कम्तिमा २०-३० सम्मको सूचि तयारी गर्ने।
- अभिभावक शिक्षा सन्दर्भ सामाग्रीमा रहेको ३३ विषयबस्तु मध्ये कम्तिमा २० अनिवार्य रुपले संचालन गर्ने।

- स्थानीय भेषभुषा,संस्कृतको कदर गर्दै स्थानीय रुपमा रहेका सकरात्मक चलनहरुको प्रबर्दन गर्ने।
- समुदायमा गई अनुगमन तथा पारिवारिक भेटघाट गर्ने।
- सन्दर्भ सामाग्रीमा भएको अनुगमन ढाँचा अनुसारको तथ्यांकहरु अध्यावधिक गर्ने।
- अभिभावक शिषा कक्षा संचालनको प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।

## अनुसूचि ४

## घरभेट परामर्शकर्ताको कार्यशर्त नमुना

- कार्यक्रम अनुसार लक्षित समूहको नक्सांकन गर्ने ।
- लक्षित समूहका आमाहरुलाई वा परिवारका स्याहारकर्ता वा हेरालुलाई तालिम दिने
- लक्षित समूहलाई तालिम पश्चात प्रत्येक घरमा गई कार्यक्रम अबधि भर उमेर अनुरुपको उचित स्याहार सुसार,सिकाई र विकासको लागि आवश्यक पर्ने कम्तिमा १० वटा बिषय(अभिभावक शिक्षा कक्षाको सन्दर्भ सामाग्रीमा रहेका ३३ वटा विषयहरुमध्ये) मा छलफल गर्ने ।
- आफुले गरेका कामकाजको प्रतिबदेन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।

## अनुसूचि ५

## शिशु स्याहारकर्ताको कार्यशर्त नमुनाः

- दैनिक रुपमा ४ घण्टा सम्म शिशु स्याहार क्रियाकलाप को निर्देशिका अनुसार क्रियाकलाप संचालन गर्ने।
- स्याहार स्थलको सरसफाई ब्यवस्थापन गर्ने।
- बालबालिकाहरुको बसाई तथा सुरक्षाको ब्यवस्था गर्ने।

- बालबालिकाहरुको स्वास्थ्य पोषण लाई ध्यानमा राख्दै स्वस्थ,सफा,सुरक्षित र पोषण युक्त दिवा खाजा तयारीमा ध्यान दिने ।
- समन्धित सरोकारवालाहरु संग स्याहार केन्द्रको ब्यवस्थापन तथा परिचालनको लागि समन्वय गर्ने।
- अभिभावकहरुसंग नियमित बैठक तथा छलफल गर्ने।
- वडा स्तरीय प्रारम्भिक बालबिकास समितिलाई स्याहार केन्द्रको बारेमा नियमित रुपले विवरण अध्यावधिक गराउने।